# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. ०७८/०७९
च.नं. १३४८

मितिः २०७७/०८/०४

**विषय : परिपत्र सम्बन्धमा।**

श्री वडा कार्यालय सबै,
राप्ती नगरपालिका, चितवन ।

प्रस्तुत विषयमा भौतिक पूर्वाधार विकास मन्त्रालय, वागमती प्रदेशको च.नं. ७९३, मिति २०७६।१०।०६ को पत्र र पूर्वाधार विकास कार्यालय, वागमती प्रदेशको च.नं. २२८, मिति २०७७।०६।२० को पत्र यसैसाथ संलग्न छ । सो पत्रमा उल्लेख भएबमोजिम सडक कालोपत्रे, सडक ढलान, सडक पुल निर्माण लगायत हेभी मेसिन प्रयोग गर्नुपर्ने तथा गुणस्तर परीक्षण गर्नुपर्ने जस्ता प्राविधिक रुपले जटिल प्रकृतिका निर्माण कार्यहरु उपभोक्ता समितिद्वारा निर्माण गर्न नमिल्ने लिखित आदेश प्राप्त भएकोले सोही बमोजिम गर्नु/गराउनुहुन अनुरोध छ ।

गंगा बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश, हेटौँडा, मकवानपुर ।
श्री पूर्वाधार विकास कार्यालय, वागमती प्रदेश, भरतपुर, चितवन ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

# पूर्वाधार विकास कार्यालय

## बागमती प्रदेश

भरतपुर, चितवन, नेपाल

पत्र संख्या : ०७७/०७८
च.नं.: २२८

मिति: २०७७।०६।२०

विषय: योजना संझौता सम्बन्धमा ।

श्री रासी नगरपालीका

नगरपालीकाको कार्यालय

हर्दी भण्डारा, चितवन ।

तहाको च.नं.९७७ मिति २०७६।०६।१५ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो ।पत्रमा उल्लीखीत शान्तीमार्ग बाटो निर्माण रासी २ र झुरझुरे रिङरोड निर्माण रासी ३ को लागी प्रदेश सरकारबाट चालु आ.व.मा प्राप्त रकमलाई एक प्याकेज गरी मिति २०७६।०६।०६ गते को गोरखापत्र राष्ट्रिय दैनिक मार्फत बोलपत्र आव्हान भैसकेको छ। शान्ती मार्ग बाटो निर्माण रासी २ को कार्य ढलान को कार्य गर्ने भनी स्थानीय जनप्रतिनिधि एव स्थानीय बासिन्दाको समेत सहभागीतामा सर्वेक्षण गर्दा राय सुझाव प्राप्त भएको र भौतिक पूर्वाधार विकास मंत्रालयको च.नं. ७९३ मिति २०७६।१०।०६ को परिपत्र ( संलग्न छ ) को आधारमा ढलान कार्य उपभोक्ता समिति मार्फत गर्न नसकिने व्यहोरा अनुरोध छ। यसै गरी संघीय मामीला तथा सामान्य प्रशासन मंत्रालयको सवै स्थानीय तहलाई निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा पठाएको च.नं.१५० मिति २०७६।०६।१४ र अख्तीयार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ५२१९ मिति २०७६।०६।०८ को पत्रको आधारमा समेत सो कार्य उपभोक्ता समिती मार्फत अगाडी वढाउन नसकिने व्यहोरा अनुरोध गर्दछु ।

बोधार्थ

१) श्री भौतिक पूर्वाधार विकास मंत्रालय

हेटौडा,मकवानपुर ।

२) श्री यातायात पूर्वाधार निर्देशनालय

हेटौडा,मकवानपुर ।

कार्यालय प्रमुख
पुष्करप्रसाद पोखेरेल
सि.डि.ई./कार्यालय प्रमुख

फोन नं ०५६-५२७८२०, E-mail:-chitwanido@gmail.com

प्रदेश सरकार
# भौतिक पूर्वाधार विकास मन्त्रालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल
☎०५७-५२०९२६
०५७-५२५४८१
०५७-५२१५११
info.mopid@p3.gov.np
s3mopid@gmail.com
mopid.p3.gov.np

visit Nepal 2020

पत्र संख्या :०७६।७७।योजना
च.नं. ६५२

मिति :२०७६/१०/०६

विषय: परिपत्र ।

श्री निर्देशनालय/डिभिजन/सब-डिभिजन/कार्यालयहरु सबै ।

प्रस्तुत विषयमा उपभोक्ताबाट निर्माण कार्यहरु सम्पादन एवं कार्यान्वयन गर्दा तपसिल बमोजिमका "क" देखि "च" सम्मका बुँदाहरु परिपालना गरी कार्य गर्नु/गराउनु हुन मिति २०७६/०९/२४ को निर्णय (मा.मुख्यमन्त्रीस्तर) अनुसार अनुरोध छ ।

तपसिल

क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को कार्यविधि अनुसार उपभोक्ता समितिबाट कार्य गराउने ।

ख) उपभोक्ता समितिले समझौता रकम (लागत अनुमान) को न्यूनतम १०% नगद वा श्रमदान व्यहोर्नु पर्ने ।

ग) जटिल प्रकृतिका कार्य उपभोक्ता समितिहरु मार्फत गराउँदा निर्माण भएको संरचनाको तोकिएको गुणस्तरमा निर्माण नहुने, उपभोक्ताले निर्माण व्यवसाय संलग्न गरी निर्माण गर्नुपर्ने तथा मर्मत सम्भारको जिम्मेवारी वहन गर्न नसक्ने अवस्था देखिएकोले प्राविधिक रुपले जटिल प्रकृतिका निर्माण कार्य (जस्तैः सडक कालोपत्रे, सडक ढलान, सडक पुल निर्माण आदि) जटिल किसिमको गुणस्तर परीक्षण गर्नुपर्ने, Heavy *Machines* प्रयोग गर्नुपर्ने, जनसहभागिता जुट्न नसक्ने, निर्माण पश्चात मर्मत सम्भार उपभोक्ता समितिबाट हुन नसक्ने, निर्माण कार्य सम्पन्न भएपछि उपभोक्ता समितिमा योजना हस्तान्तरण गर्न नसक्ने जस्ता कार्यहरु उपभोक्ता समितिबाट नगराउने ।

घ) उपभोक्ता समितिको गठन सम्बन्धित स्थानीय तहको सिफारिसमा गराउने ।

ङ) उपभोक्ता समितिको पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि, सम्पर्क नं. लिई आफ्नो कार्यालयमा दर्ता गर्ने ।

च) प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जारी गरिएका निर्देशनहरु कार्यान्वयन गर्ने ।

(राजेश कुमार पौडेल)
योजना महाशाखा प्रमुख